## **गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८१**

**स्वीकृत मितिः २०८१।०६।०८**

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ३१ मा संशोधनः** गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० (यसपछि मूल निर्देशिका भनिएको) को दफा ३१ को उपदफा (१०) पछि देहायको उपदफा (११) थपिएको छः-

"(११) मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न **Reasoning Test** मध्ये **Abstract/ Pictorial Reasoning** का प्रश्नहरु समावेश भएका वस्तुगत ल्याकत परीक्षामा सहभागी हुने दृष्टिविहीन उम्मेद्वारको उत्तरपुस्तिका व्यहोरा खुलाई छुट्टै खाममा शिलबन्दी गरी मूल खामभित्र संलग्न गरी पठाउनुपर्नेछ ।"

३. **मूल निर्देशिकाको दफा ५३ मा संशोधनः** मूल निर्देशिकाको दफा ५३ को उपदफा (६) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) दफा ३१ को उपदफा (११) बमोजिम प्राप्त दृष्टिविहीन उम्मेद्वारहरुको उत्तरपुस्तिकामा मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न **Reasoning Test** मध्ये **Abstract/ Pictorial Reasoning** का प्रश्नहरुलाई घटाई बाँकी **Reasoning Test** हरुको अंकलाई उक्त खण्डको शतप्रतिशत अंक मानी कायम भएको अंकलाई मनोवैज्ञानिक परीक्षण खण्डको कुल प्राप्ताङ्कको रुपमा नतिजा प्रकाशन प्रयोजनका लागि गणना गर्ने र यस्ता उत्तरपुस्तिकालाई छुट्टै कोडिङ गरी म्यानुअल परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।"

४. **मूल निर्देशिकाको दफा ६८ मा संशोधनः** मूल निर्देशिकाको दफा ६८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नियमावलीको नियम ४४ बमोजिम वैकल्पिक उम्मेदवार सिफारिस गर्दा योग्यताक्रमको आधारमा क्रमशः वैकल्पिक उम्मेदवार सिफारिस गरिनेछ। एकैपटक दुई वा

दुईभन्दा बढी वैकल्पिक उम्मेद्वार सिफारिसका लागि माग भई आएमा वैकल्पिक योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारले प्राथमिकताक्रम फाराममा उल्लेख गरे बमोजिमको निकाय वा कार्यालयमा सिफारिस गर्नुपर्नेछ । "

५. **मूल निर्देशिकाको अनुसूची - ३ मा संशोधनः** मूल निर्देशिकाको अनुसूची - ३ को अन्त्यमा देहायको द्रष्टव्य थप गरिएको छः-

**"द्रष्टव्यः**

**प्रदेश सरकार मातहतबाट प्राप्त सहायक स्तरका पदहरुको मागको प्रतिशत निर्धारण सम्बन्धमा देहाय बमोजिम गर्नेः-**

(क) प्रचलित कानूनले तोके बमोजिम सबै पदहरुको पदोन्नति क्षेत्र (Promotion Zone) लाई आधार मानी सो क्षेत्रभित्र पर्ने सम्पूर्ण पदहरुको एकमुष्ट प्रतिशत निर्धारण गर्ने।

(ख) सेवा, समूहगत रुपमा छुट्टा छुट्टै अभिलेख (रेकर्ड) राख्ने र प्रचलित कानूनमा तोकिएको प्रतिशत अनुसार सम्बन्धित सेवा, समूहगत रुपमा पदसंख्या निर्धारण गर्ने।

(ग) कुन कार्यालयको रिक्त पदमा प्रतियोगितात्मक परीक्षाद्वारा र कुन कार्यालयको पदमा बढुवाद्वारा पदपूर्ति हुने भन्ने कुरा प्रतिशत निर्धारण गर्दा नै उल्लेख गर्ने।

(घ) आयोगको माग दर्ता किताबमा माग भएका पदहरुको प्राप्त भएको मितिको आधारमा जेष्ठता कायम गरी जुन पद जुन क्रमसंख्यामा दर्ता हुन्छ, त्यसलाई त्यति नै पदसंख्या माग भएको ठानी तोकिएको सूत्र अनुसार प्रचलित कानूनबमोजिम बढुवा तथा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने गरी छुट्याउने।

(ङ) माग दर्ता किताबमा माग पद दर्ता गर्दा पहिला प्राप्त भएको पत्र पहिलो दर्ता (First comes First) को आधारमा गर्ने।

(च) विद्युतीय माध्यम (e-mail) बाट प्राप्त माग फाराम मध्ये पहिले प्राप्त भएको माग फाराम पहिला प्रिन्ट गर्ने व्यवस्था गरी सोही अनुसार पहिला दर्ता गर्ने।

(छ) कुनै कार्यालयले पहिला पठाइसकेको माग मध्ये सोही पदको पदसङ्ख्यामा थप वा घट गरेमा थप वा घट गरिएको जानकारी रहेको पत्रलाई आधार मानी दर्ता

नं. कायम गर्ने तर सोही कार्यालयले फरक सेवा, समूह वा पदको माग गरेको पत्रको भने छुट्टै दर्ता नं. कायम गर्ने ।

(ज) माग दर्ता गर्दा कुनै कार्यालयबाट एक पटकमा एकभन्दा बढी पदको माग भएमा प्रत्येक पदलाई छुट्टा छुट्टै क्रमसंख्या दिई दर्ता गर्ने ।

(झ) शतप्रतिशत पद एउटै प्रक्रियाबाट (सबै खुलाद्वारा वा सबै बढुवाद्वारा) पूर्ति गरिने पदको हकमा प्रतिशत निर्धारण गरिरहनु नपर्ने, तर अभिलेख भने राख्नु पर्ने।

**स्थानीय तहबाट प्राप्त मागको प्रतिशत निर्धारण सम्बन्धमा देहाय बमोजिम गर्ने:-**

(क) प्रचलित कानूनले तोके बमोजिम सबै पदहरुको पदोन्नति क्षेत्र (Promotion Zone) लाई आधार मानी सो क्षेत्रभित्र पर्ने सम्पूर्ण पदहरुको एकमुष्ट प्रतिशत निर्धारण गर्ने।

(ख) सेवा, समूहगत रुपमा छुट्टा छुट्टै अभिलेख (रेकर्ड) राख्ने र प्रचलित कानूनमा तोकिएको प्रतिशत अनुसार सम्बन्धित सेवा, समूहगत रुपमा पदसंख्या निर्धारण गर्ने।

(ग) कुन स्थानीय तहको रिक्त पदमा प्रतियोगितात्मक परीक्षाद्वारा र कुन स्थानीय तहको पदमा बढुवाद्वारा सिफारिस हुने भन्ने कुरा प्रतिशत निर्धारण गर्दा नै उल्लेख गर्ने।

(घ) आयोगको माग दर्ता किताबमा माग भएका पदहरुको प्राप्त भएको मितिको आधारमा जेष्ठता कायम गरी जुन पद जुन क्रमसंख्यामा दर्ता हुन्छ, त्यसलाई त्यति नै पदसंख्या माग भएको ठानी तोकिएको सूत्र अनुसार प्रचलित कानूनबमोजिम बढुवा तथा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने गरी छुट्याउने।

(ङ) माग दर्ता किताबमा माग पद दर्ता गर्दा पहिला प्राप्त भएको पत्र पहिलो दर्ता (First comes First) को आधारमा गर्ने।

(च) विद्युतीय माध्यम (e-mail) बाट प्राप्त माग फाराम मध्ये पहिले प्राप्त भएको माग फाराम पहिला प्रिन्ट गर्ने व्यवस्था गरी सोही अनुसार पहिला दर्ता गर्ने।

(छ) कुनै स्थानीय तहले पहिला पठाइसकेको माग मध्ये सोही पदको पदसङ्ख्यामा थप वा घट गरेमा थप वा घट गरिएको जानकारी रहेको पत्रलाई आधार मानी दर्ता नं. कायम गर्ने तर सोही स्थानीय तहले फरक सेवा, समूह वा पदको माग गरेको पत्रको भने छुट्टै दर्ता नं. कायम गर्ने ।

(ज) माग दर्ता गर्दा कुनै स्थानीय तहबाट एक पटकमा एकभन्दा बढी पदको माग भएमा प्रत्येक पदलाई छुट्टा छुट्टै क्रमसंख्या दिई दर्ता गर्ने ।

(झ) शतप्रतिशत पद एउटै प्रक्रियाबाट (सबै खुलाद्वारा वा सबै बढुवाद्वारा) पूर्ति गरिने पदको हकमा प्रतिशत निर्धारण गरिरहनु नपर्ने, तर अभिलेख भने राख्नु पर्ने।

**पुनश्चः प्रतिशत निर्धारण गरिएको अभिलेख रहने किताब सो कार्य सम्पन्न भएपश्चात् शिलबन्दी गरी राख्नुपर्नेछ ।"**